का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ फागुन २०८०,
सोमबार
11 March 2024,
Monday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २७ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



## प्रचण्डमा रोकिएन परिवार मोह

माओवादीले अवसर लिने ठाउँ र पदहरुमा प्रचण्डको परिवारका सदस्य अगाडि रहने गरेको भनि आलोचना हुने गरेको छ । यस्तो आलोचनालाई बेवास्ता गर्दै राष्ट्रिय सभा अध्यक्षमा प्रचण्डका भाइ नारायण दाहाल उम्मेदवार तय भएका छन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

माओवादी केन्द्रले नारायणप्रसाद दाहाललाई राष्ट्रिय सभा अध्यक्ष उम्मेदवार बनाउने निर्णय गरेको छ ।

आइतबार साँझ बसेको माओवादी केन्द्रको पार्टी पदाधिकारीको बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका भाइ पर्ने दाहाललाई उम्मेदवार बनाउने निर्णय गरेको हो ।

माओवादी केन्द्रले अवसर लिने ठाउँ र पदहरुमा प्रचण्डको परिवारका सदस्य अगाडि रहने गरेको भनी आलोचना हुने गरेको छ । यस्तो आलोचनालाई वेवास्ता गर्दै राष्ट्रिय सभा अध्यक्षमा नाताले प्रचण्डका भाइ नारायण दाहाललाई उम्मेदवार तय गरेको हो ।

राष्ट्रपतिद्वारा मनोनित राष्ट्रिय सभा सदस्य दाहालको कार्यकाल चार वर्षको रहेको छ । माओवादीले ६ वर्षे कार्यकाल भएका राष्ट्रिय सभा सदस्यलाई समेत अध्यक्षको उम्मेदवार बनाउन सक्थ्यो । ६ वर्षे कार्यकाल भएका झक्कुप्रसाद सुवेदी र रेनु चन्द आकांक्षी थिए । वर्तमान उपाध्यक्ष उर्मिला अर्याल नि आकांक्षी थिइन् । अर्यालको कार्यकाल ४ वर्ष थियो । यी सबै अकांक्षीलाई पन्छाउँदै दाहाल राष्ट्रिय सभाको अध्यक्षमा उम्मेदवार तय भएका हुन् ।

यो निर्णयले माओवादीभित्र असन्तुष्टि पैदा गरेको छ । उपमहासचिव जनार्दन शर्माले यस अगाडि नै दाहाललाई दिएको दोहोरो जिम्मेवारीलाई लिएर प्रश्न उठाएका थिए । पार्टी भित्रको प्रश्नलाई समेत पन्छाउँदै पृष्ठ २ मा

## सुन तस्करीमा पुन दाजुभाइमाथि अनुसन्धान !


**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

सुन तस्करी प्रकरणमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोराहरु जितेन्द्र पुन र दीपेश पुनमाथि अनुसन्धान हुने भएको छ ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आइतबार प्रहरी महानिरीक्षक वसन्त कुँवरलाई मन्त्रालयमा बोलाए पुन दाजुभाइलाई अनुसन्धानको दायरमा ल्याउन निर्देशन दिएका हुन ।

दीपेश यसअघि नै ६१ किलो सुन तस्करी प्रकरणमा मुछिएका हुन भने जितेन्द्रबारे हालै मात्रै संचारमाध्यममा समाचार सार्वजनिक भएको हो । उनले चिनियाँ कोरोबारीसँग तमसुक नै गरेर नेपालमा सुन तस्करी गर्ने गरेको खुलेको हो । सुन तस्करीका लागि उनले चिनियाँ कारोबारीसँग सम्झौता गर्दै गर्दाको भिडियो समेत एक संचार माध्यमले सार्वजनिक गरेको छ ।

उनले आफ्ना बुबा उपराष्ट्रपति हुँदा उपराष्ट्रपति कार्यालयको कार्ड दुरुपयोग गरेर नै सुन तस्करी गरेको खुलेको छ । त्यस्तै उनले गृह प्रशासनलाई हातमा लिएर नक्कली नागरिकताको प्रमाणपत्र बनाएर समेत सुन तस्करी गरेका छन् । उनी हाल फरार रहेको छन् ।





दीपेश भने गत असारमा हङकङबाट स्कुटरको ब्रेक सुमा लुकाएर ल्याइएको ६१ किलो र दुबईबाट विद्युतीय चुरोट (भेप) मा लुकाएर ल्याइएको करिब ९ किलो सुन तस्करीमा जोडिएको थियो । ६१ किलो सुन तस्करी प्रकरणका मुख्य नाइकेहरु दावा छिरिङ र दावाजिन वाङसँग दीपेशको सम्पर्क देखिएपछि उनले पोल खुलेको थियो ।

त्यसपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले दीपेशमाथि अनुसन्धान थालेको थियो । तर, उनलाई पछि सामान्य बयान लिएर छोडिएको थियो । दीपेशले आफूले प्रयोग गर्दै आएको मोबाइलमा धेरै प्रमाण हुन सक्ने भए पनि उनले हराएको भन्दै प्रहरीलाई उक्त मोबाइल दिएका थिएनन्, त्यसले उनीमाथिको अनुसन्धान कमजोर बनेको प्रहरीको भनाइ थियो ।

भेपमार्फत सुन तस्करी प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महराका र उनका दुई छोराहरु राहुल र रेशमको पनि नाम जोडिएको थियो । प्रहरीले कृष्णबहादुर महारासँग बयान लिए पनि मुद्दा चलाएन । उनका कान्छा छोरा राहुल भने पक्राउ परेर अहिले कारागार चललान भएका छन् ।

## वैदेशिक रोजगार विशेष

## श्रम गन्तव्य मुलुकहरुमा रमजान महिना शुरु

**शहबाज खान/मध्यान्ह**
काठमाडौं, २७ फागुन

नेपाली कामदारहरुको प्रमुख श्रम गन्तव्य मुलुकहरुमा इस्लाम धर्मावलम्बीको पवित्र रमजान महिना शुरु भएको छ । चन्द्रमा आकाशमा देखिएसँगै १० मार्च अर्थात आइतबार साँझदेखि रमजान महिनाको शुरुवात भएको छ ।

मानिसहरु नियमित रमजान परम्पराको उत्सव मनाउने र खुसी साट्ने गर्दा साउदी अरेबिया, कतार, यूएई, मलेसिया, कुवेतलगायत खाडी मुलुकमा रोजगारको गतिविधिमा मन्दीको अवस्था हुने वैदेशिक रोजगार व्यवसायीहरु बताउँछन् । मुस्लिम धर्मावलम्बीका लागि पवित्र महिना मानिने रमजान एक महिनासम्म मनाइने गरिन्छ । यो चाडमा सात वर्षदेखिका सबै व्यक्ति अनिवार्य रोजा बस्ने गर्दछन् ।

मुसलमानहरुको पाँच महत्वपूर्ण कार्य रोजा, नमाज, हज, जकात र फित्तरा नियामानुसार गर्नुपर्ने तथा तिर्नुपर्ने भए पनि हजबाहेक सबै



कार्य रमजान महिनामा प्राप्त गर्ने अवसर पाउने भएकाले पनि यो महिनालाई मुसलमानहरुले महत्वपूर्ण महिनाका रुपमा लिने गरेका छन् । घाम उदाउनुभन्दा डेढ घण्टाअगावै सेहरी (खानेकुरा) खाएर प्रारम्भ गरिने रोजा घाम अस्ताएपछि फलफूल तथा मिठाइ खाएर समाप्त गरिन्छ ।

दिनभर केही पनि खान नहुने रोजाको समयमा कुनै पनि खानेकुरा मुखमा हाल्नु हुँदैन, जानेर थुक पनि निल्नु हुँदैन भने दिउँसो सबै मानिसले निमको दतुईन ( गरी मुख धुनुपर्ने र दिनभर केही पनि खान नहुने भएकाले रमजान अवधिभर खाडी मुलुकमा भ्रमणमा जान पनि कष्टकर हुने अनुभवीहरुको भनाइ छ ।

यूएईले रमजानको समयमा सार्वजनिक क्षेत्रका कर्मचारीहरुका लागि काम गर्ने समय घटाएको बताएको छ । यता मलेसियाका मुस्लिमहरुले मंगलबार (मार्च १२) बाट रमजानको उपवास शुरु गर्ने भएका छन् । मलेसियाका राजा सुल्तान इब्राहिमको उपवाससम्बन्धी आदेश आइतबार राति मलेसियाका रेडियो र टेलिभिजनबाट जारी गरिएको छ । यस्तै साउदीमा सोमबारबाट रमजान शुरु हुँदैछ ।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकूल प्रभाव पर्ने,
- बाल्बालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,

*बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हने जोखिमबाट बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रहरी समायोजनमा फेरि अलमल

**शिव विक/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

प्रहरी समायोजनको विषय फेरि अलमलमा परेको छ । प्रदेश सरकार र सार्वजनिक रुपमा चुलिएको आलोचना र दबाबकाबीच ४ फागुनमा गठन भएको प्रहरी कर्मचारी समायोजन समिति कामबिहीन भएको छ ।

> प्रदेश सरकार र सार्वजनिक रुपमा चुलिएको आलोचना र दबाबका बीच ४ फागुनमा गठन भएको प्रहरी कर्मचारी समायोजन समिति कामविहीन भएको छ ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार प्रशासन महाशाखाका प्रमुखको संयोजकत्वमा पाँच सदस्यीय समिति बनेको छ, जसमा नीति योजना अनुगमन तथा मूल्यांकन महाशाखाका सह-संयोजक, प्रहरी प्रधान कार्यालयका प्रहरी नायब महानिरीक्षक (डीआईजी), गृहका उपसचिव र मन्त्रालयका प्रहरी कर्मचारी प्रशासन शाखाका उपसचिव सदस्य छन् ।

समिति बनेको एक महिना हुन लाग्दा समेत गृहको प्रशासन महाशाखा प्रमुखको जिम्मेवारीमा कोही छैनन् । सह-संयोजक रहेका नीति, योजना तथा मूल्यांकन शाखाका प्रमुख थानेश्वर गौतम कामको शिलशिलामा राजधानी बाहिर रहेको बताइन्छ । समितिमा रहनुपर्ने प्रहरी प्रधान कार्यालयको डीआईजी राजेशनाथ बाँस्तोला पनि बिदामा छन् । यसकारण प्रहरी कर्मचारी समायोजन समिति कामबिहीन भएको हो ।

पटकपटकको दबावपछि गृह मन्त्रालयले काम गरेजस्तो देखाउन मात्रै समिति बनाएको आफूहरुलाई परेको मधेश प्रदेशका आन्तरिक मामिलामन्त्री समिम मोहमद बताउँछन् ।

तथापि काम हुने सरकारी अधिकारीहरु बताउँछन् । गृह मन्त्रालयका अधिकारीहरुका अनुसार समितिले सुरुमा समायोजनको मापदण्ड तयार गर्ने छ ।

समायोजनमा जान इच्छुकहरुको दर्खास्त आह्वान गर्नुअघि गर्नुपर्ने प्राविधिक कामहरु गर्न समितिलाई निर्देश गरिएको भन्दै ती अधिकारीले भने, 'पद र उमेरको ज्येष्ठता, कम्तिमा एक वर्षदेखि कार्यरत प्रदेश, हालको पृष्ठ २ मा

Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

General Manager : 1 (Male)
PRO : 2 (Male/Female)

Salary and commission will be negotiable

Requirements:
Minimum 4 to 5 Years experienced in manpower field.

Central Capital Services Pvt.Ltd.
Sinamangal, Kathmandu, Nepal.
Tel No: 01-4579491, 4580892
Mobile No: 9851118313, 9801820006
Gov Lic.No: 574/062/063

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

२८ फागुन २०८०, सोमबार
11 March 2024, Monday

# सिंजामा वातावरण संरक्षण विधेयक पारित

**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, २७ फागुन

जुम्लाको सिंजा गाउँपालिकाले वातावरण तथा प्राकृतिक स्रोत संरक्षण तथा खानेपानी स्वच्छता समन्वय विधेयक पारित गरेको छ।

तेह्रौ हिउँदे गाउँसभाले वातावरण संरक्षण तथा खानोपानी सरसफाई तथा स्वच्छता सम्वन्धमा बनेको विधेयक २०८० पारित गरेको हो। सिंजा गाउँपालिकाका वडा नम्वर २ का अध्यक्ष तिर्थ वडले खानेपानी तथा सरसफाइ विधेयक टेवुल गरेका थिए।

त्यस्तै वडा नम्वर ६ का अध्यक्ष लालबहादुर बुढाले टेवुल भएको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्वन्धमा वनेको विधेयक २०८० पारित गरेका थिए।

त्यस्तै गाउँपालिकाले सो विधेयकसहित भइरहेका कामहरुको विषयमा प्रगति प्रस्तुत गरेको छ। आर्थिक विकास समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन संयोजक हरिनन्द आचार्यले प्रगति प्रस्तुत गरेका थिए।

त्यस्तै सामाजिक विकास समितिका संयोजक तथा वडा नम्वर २ का अध्यक्ष तिर्थ वडले सामाजिक विकास समितिमा भएका कामका विषयमा प्रगति गरेका थिए। अनुगमन तथा सुशासन समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन संयोजक रञ्जित बुढाले प्रस्तुत गरेका थिए।



त्यस्तै सिंजा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पवित्रा शाहीले गाउँपालिकाको आर्थिक ऐन, २०८० बमोजिम स्वीकृत करका दरहरुमा संशोधन परिवर्तन तथा थप गर्ने प्रस्ताव, गाउँपालिकाको स्वीकृत पालिकास्तरीय एवम् वडा स्तरीय योजना रकमान्तर सम्बन्धी प्रस्ताव पेश गरी केही कार्यक्रम रकमान्तर गरिएको बताइन्। उनका अनुसार गाउँपालिकाले चालु आ.व.मा २७ करोड २० लाख ८६ हजार १४७ रुपैया ५० पैसा रहेको थियो।

त्यस्तै पुँजीगत १२ करोड ७५ लाख ७६ हजार तीन सय गरी जम्मा ३९ करोड ९६ लाख ६२ हजार चार सय ४७ रुपैयाँ ५० पैसा विनियोजन भएको थियो। यसमा चालुतर्फ ४०.८ प्रतिशत र पुँजीगततर्फ १९.४४ प्रतिशत गरी ३३.९९ प्रतिशत खर्च भएको छ।

प्रमुख प्रशासकीय अधिकृत शाहीले यस पालिकाको सुशासन कायम गर्नका लागि कुनै कसुर बाँकी नराख्ने बताइन्। उनले भनिन्, 'सिंजा गाउँपालिकाको विकासका लागि जनप्रतिनिधिले कर्मचारीको हालेमालो आवश्यक छ।'

त्यस्तै आर्थिक विकास समितिका संयोजक हरिनन्द आचार्यले प्रस्तुत गरेको प्रतिवेदनमा कृषितर्फ संघीय तथा प्रदेश सरकारबाट ३० लाख विनियोजन भएकोमा आ.व. २०७०/०८० मा स्थापना भएका आलुवाली पकेट विकास कार्यक्रमको निरन्तरता, शित भण्डार कार्यक्रमको सूचना भइ कार्यान्वयनको प्रक्रिया अगाडि बढेको बताइएको छ। उद्योग शाखा अन्तर्गत १७ वटा लघु तथा घरेलु उद्योग र ५ वटा वाणिज्य फम दर्ता भएका छन्।

प्रधानमन्त्री रोजगार तथा यूवा रोजगार कार्यक्रमका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत सिंजा गाउँपालिका माताहतमा रहि स्थापित रोजगार सेवा केन्द्रमार्फत यस गाउँपालिकामा सूचीकृत दुई हजार आठ सय ३५ जना बेरोजगार व्यक्तिहरुलाई एक सय दिनको रोजगारी दिनेगरी कार्यक्रम लागू गरिएको छ।


यस्ता छन् १० महत्वपूर्ण काम

गाउँसभामा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले गाउँपालिकाले गरिरहेका मुख्य कामहरुको विषयमा जानकारी गराएका थिए। उनले विपतमा भत्किएका घरको लागि सम्पूर्ण प्रक्रिया अगाडि बढेको बताए। उनले सिंजाले लामो समयदेखि मालपोत र नापी कार्यालयको विषयमा मुख्य सचिवको टेवुलमा पुगेको छ। झिमीकुनादेखि छकालेपानी सडक आयोजना गौरवको आयोजनाको रुपमा लिइएको र पहल भइरहेको छ। सिंजा बहुप्राविधिक शिक्षालय अगाडि बढिरहेको छ। जग्गा पास भइसकेको र डीपीआर तयार भएको छ। सिंजाको नदीजन्य पदार्थको कानून अनुसार राजश्व असुल गर्ने विषयमा निर्देशन गरिएको छ।

सिंजा संग्राहलयलाई व्यवस्थित गर्न यस वर्ष १० लाख रुपैयाँ संघ सरकारको र गाउँपालिकाको ६ लाख गरी १६ लाखको काम हुने छ। केदारनाथलाई पर्यटकीय गन्तव्य बनाउन केदारनाथ मन्दिरका लागि अगाडि बढाउने प्रयास गरिएको छ। प्रतिस्पर्धा र परीक्षालाई मर्यादित गर्ने अध्यक्ष धितालले बताए। गाउँपालिकामा काम गरिरहेका गैरसरकारी संस्थाहरु, विद्युतलाई व्यवस्थित गर्ने र विद्युत पुऱ्याएर टेलिफोन समेत नियमित बनाइने बताइएको छ।

त्यस्तै उपाध्यक्ष सितली रोकायाले गाउँपालिकाले गरिरहेका राम्रा कामसँगै गर्नुपर्ने कामका लागि सबैको सहयोग आवयश्यक रहेको बताइन्। सामाजिक क्षेत्रका कामहरुमा पनि थप जोड दिन आवश्यक रहेको उनले बताइन्।

# अमेरिकी लगानीकर्तालाई लगानी सम्मेनलमा सहभागिताका लागि आग्रह



**कृष्णानन्द भट्ट / मध्यान्ह**
काठमाडौं, २७ फागुन

अर्थमन्त्री वर्षमान पुनले वैशाखमा हुन गइरहेको तेस्रो लगानी सम्मेलनमा सहभागिता जनाउन अमेरिकी लगानीकर्तालाई आग्रह गरेका छन्। नेपालका लागि अमेरिकी राजदूत डिन थम्प्सनसँग आइतबार अर्थमन्त्रालयमा भेटवार्ता गर्दै अर्थमन्त्री पुनले अमेरिकाबाट बढी भन्दा बढी लगानीकर्ता आउने वातावरण बनाइदिन आग्रह गरेका हुन्। नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण रहेको उल्लेख गर्दै 'अर्थमन्त्री पुनले लगानीकर्ताका लागि आवश्यक कानुनी तथा व्यवहारिक सहजीकरणका लागि सरकार तत्पर रहेको बताए।

अर्थमन्त्री पुनले अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि नेपाल 'भर्जिनल्याण्ड' भएको भन्दै सम्मेलनमा अमेरिकी लगानीकर्ताको सहभागिताको अपेक्षा रहेको बताएका हुन। पुनले नेपालमा लगानीका लागि कृषि, उद्योग तथा सूचना प्रविधि क्षेत्रमा राम्रो सम्भावनाको क्षेत्र भएको बताए।

राजदूत थम्प्सनले लगानी सम्मेलनमा ठूलो सख्यामा अमेरिकी लगानीकर्ता आउन इच्छुक रहेको बताए। उनले अमेरिकी लगानीकर्ता नेपालमा आउन आकर्षित रहेको भन्दै त्यसका लागि वातावरण बनाउन नेपालस्थित अमेरिकी दूतावासले सक्रिय सहयोग गर्ने प्रतिबद्धता जनाए। राजदूत थम्प्सनले मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी)को अनुदानअन्तर्गत नेपालमा कार्यान्वयन भइरहेको परियोजना समयमै सक्ने गरी काम अघि बढोस् भन्नेमा पनि चासो राखेका थिए।

# कतारमा मनाइयो नेपाली दिवस



**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा कतार, २७ फागुन

कतारको मुटु अलबिदा पार्कमा चलिरहेको दोहा एक्स्पोमा यहाँ स्थित नेपाली राजदूतावासले गत शुक्रबार नेपाल दिवस (नेपाल डे) भव्य रूपमा मनाइएको छ। हरित मरुभूमि र सुन्दर वातावरणको लक्ष्य राखी बागवानी उत्पादनको लागि विश्वमै पहिलोपल्ट कतारले शुरु गरेको दोहा एक्स्पो २०२३ मा नेपाल दिवस मनाइएको हो।

नेपालीहरुको उपस्थितिमा सम्पन्न एक्स्पोमा कतारस्थित विभिन्न देशका राजदूत तथा एक्स्पोमा पेभिलियन सञ्चालन गर्ने अधिकांश मुलुकका कमिस्नर जनरलहरूको विशिष्ट सहभागिता थियो। समारोह उद्घाटन गर्दै दोहा एक्स्पोका डेपुटी सेक्रेटरी जनरल मोहमद अल सादले अत्यन्त सुन्दर र प्राकृतिक रूपले धनी मुलुक नेपालले कतार सरकारले आयोजना गरेको एक्स्पोमा सक्रिय सहभागिता जनाएकोमा प्रशंसा गरे।

नेपाली राजदूतावास कतारको आयोजना नेपाल व्यवसायी संघ र एनआरएनए एनसीसी कतारको आयुक्त सहआयोजनामा सम्पन्न कार्यक्रममा बोल्दै राजदूत नरेश विक्रम ढकालले नेपालको भौगोलिकता, प्राकृतिक सम्पदा र लगानीको अवस्था जानकारी गराउँदै उक्त अवसरका लागि यो समारोह महत्वपूर्ण हुने बताए।

नेपाली साँस्कृतिक कार्यक्रम, नृत्य, झाँकीहरू प्रस्तुत गर्दै परेड गरिएको छ। सो समारोहबाट विश्वकै धनी मुलुक र रोजगारी लगायतको सम्भावनाको खानी रहेको कतारमा नेपाल र नेपाली चिनाउन र नेपालको विकासमा कतार सरकारलाई साझेदार गराउन अहम् भूमिका निर्वाह गरेको कार्यक्रमका संयोजक एवं नेपाली पेभिलियनका कमिस्नर जनरल कृष्णकुमार सुवेदीले बताए।

कार्यक्रमबाट कतारलगायत मध्यपूर्वका मुलुकबाट नेपालमा लगानीको सम्भावना बढ्ने अपेक्षा गरिएको नेपाली व्यवसायी संघ कतारका अध्यक्ष महेन्द्र चम्लगाईंले बताए। गैरआवासीय नेपाली संघ कतारका अध्यक्ष रमेश भट्टले कतारमा रहेको नेपाली समुदायको विशिष्ट उपस्थिति र साँस्कृतिक कार्यक्रमले नेपालीको पहिचान बढाउने काम गरेको बताए।

एक्स्पोको सञ्चालनका लागि नेपालका तर्फबाट कृष्णकुमार सुवेदी कमिस्नर जनरल, कृष्ण पन्थी डेपुटी कमिस्नर जनरलसहित महेन्द्र चम्लगाईं, रमेश भट्ट, सुनिलकुमार घिमिरे, शंकर न्यौपाने, भिजन घिमिरेलगायतको एक उच्चस्तरीय समिति बनाइएको छ। गत अक्टोबर २ मा कतारका अमिरले विशेष समारोहबीच समुद्घाटन गरेको यस वागवानी सम्बन्धी दोहा एक्स्पो २०२३ मा विश्वका ८० मुलुक र एक सयभन्दा बढी व्यावसायिक संस्थाहरू सहभागी छन्। एक्स्पोमा नेपाली व्यवसायी संघ कतार, गैरआवासीय नेपाली संघ कतार र नेपाल निर्यात व्यवसायी महासंघको सहयोगमा नेपाली राजदूतावासले पनि सहभागिता जनाएका छन्।

एक्स्पोको सञ्चालनका लागि नेपालकातर्फबाट कृष्णकुमार सुवेदी कमिस्नर जनरल, कृष्ण पन्थी डेपुटी कमिस्नर जनरलसहित महेन्द्र चम्लगाईं, रमेश भट्ट, सुनिलकुमार घिमिरे, शंकर न्यौपाने, भिजन घिमिरे लगायतको एक उच्चस्तरीय समिति बनाइएको थियो। एक्स्पोमा नेपाली व्यवसायी संघ कतार, गैरआवासीय नेपाली संघ कतार र नेपाल निर्यात व्यवसायी महासंघको सहयोगमा नेपाली राजदूतावासले पनि सहभागिता जनाएको छ।

# 'शिक्षक, विद्यार्थी र अभिभावकबीच त्रिकोणात्मक सम्बन्ध आवश्यक'

**सुर्य प्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, २७ फागुन

सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले विद्यालय सुधारका लागि शिक्षक, विद्यार्थी र अभिभावकबीच त्रिकोणात्मक सम्बन्ध आवश्यक रहेको बताएका छन्।

गौरी शंकर इङ्लिस बोर्डिङ स्कुल सन्धिखर्क १ अर्घाखाँचीको २१ औं वार्षिकोत्सव,अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम मन्तव्य राख्दै प्रमुख अतिथि नगरप्रमुख श्रेष्ठले भने, 'शिक्षक विद्यार्थी र अभिभावकको त्रिकोणात्मक सम्बन्ध राम्रो भएमा मात्रै शिक्षामा आमुल परिवर्तन गर्न सकिन्छ। शिक्षा र स्वास्थ्य नै सामाजिक शैक्षिक विकासको मुख्य मेरुदण्ड हो।'

नगरप्रमुख श्रेष्ठले हरेक गतिविधिमा विद्यालयले उत्कृष्टता हासिल गरेकोमा विद्यालय परिवारलाई बधाईसहित धन्यवाद ज्ञापन गरेका थिए। उनले नगरका सवै विद्यालयहरुको विकासमा नगरपालिकाले सक्दो सहयोग गर्ने र ४ जिपिए ल्याउने विद्यालयहरुलाई नगरपालिकाले सम्मान गर्ने बताए।

विद्यालय व्यस्थापन समितिका अध्यक्ष भेष बहादुर विसिको अध्यक्षता, विद्यालयका शिक्षक प्रकाश आचार्यको स्वागत मन्तव्य, विद्यालयका शिक्षक शिव बेल्वासेले सञ्चालन गरेको कार्यक्रममा शिक्षा विकास समन्वय समितिका प्रमुख मणिराम पराजुली, सन्धिखर्क नगरपालिका वडा नम्बर १ का अध्यक्ष माधव श्रेष्ठ, वडा नम्बर २ का अध्यक्ष मोतिजङ रायमाझी, सन्धिखर्क नगरपालिका शिक्षा शाखा प्रमुख मन्जु आचार्य, पाणिनि बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख लक्ष्मण पोखेल, नेपाल पत्रकार महासंघका अध्यक्ष अशोक खनाल, विद्यालयका अभिभावक मुक्ति नाथ भुसाल लगायतले विद्यालयको थप प्रगतिको कामना गरेका थिए। वार्षिक उत्सव समारोहमा विद्यालयका प्रिन्सिपल गणेश क्षेत्रीले विद्यालयकाको वार्षिक प्रगति प्रतिवेदन पेस गरेका थिए। २०५९ सालमा स्थापित विद्यालयमा हाल १ हजार विद्यार्थी अध्ययनरत रहेका छन्।

# आफूविरुद्ध आएको समाचारप्रति गाउँपालिका अध्यक्ष सिंहको ध्यानाकर्षण

**ओबराज शाही / मध्यान्ह**
हुम्ला, २७ फागुन

हुम्लाको अदानचुली गाउँपालिकाका अध्यक्ष मोहनविक्रम सिंहले आफ्नो बारेमा सञ्चार माध्यममा आएको समाचार सत्य नभएको बताएका छन्।

एक अनलाइनले हुम्लाको अदानचुली गाउँपालिकाका अध्यक्ष सिंह निर्वाचित भएयता बाह्र दिन मात्र कार्यालयमा आएको भन्ने समाचारप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको अध्यक्ष सिंहले बताएका छन्। उनले भने, 'मिडियाको नाम भजाएर यस्ता भ्रामक समाचारको खेती गरेर कसैको चरित्र हत्या गर्न कसैलाई छुट छैन। यो आरोप प्रमाणित गरेर देखाउन मिडियालाई चुनौती दिन्छु।'

एक दिन अगाडि गाउँपालिकाका अध्यक्ष सिंह २०७९ सालको स्थानीय तहको निर्वाचनबाट गाउँपालिका अध्यक्षमा निर्वाचित भएयता जम्मा बाह्र दिन मात्र कार्यलयमा आएको भन्ने समाचार प्रकाशन गरेको थियो। आफू पालिकाको कामकाजका सिलसिलामा जिल्ला बाहिर रहेको र यो समाचार आफूलाई बदनाम गर्न रचिएको षड्यन्त्र भएकाले मिडियामा आएको समाचारमा कुनै सत्यता नभएकोले सबैलाई विश्वास नगर्न अध्यक्ष सिंहले आग्रह गरेका छन्।

# पितिवाङको पुल छिटो निर्माण गर्न प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र

**प्रचण्ड खत्री / मध्यान्ह**
रुकुम पश्चिम, २७ फागुन

रुकुम पश्चिमको पितिवाङ खोलाको मोटरेबल पुल छिटो निर्माण गर्न समाजवादी मोर्चा नेपाल रुकुम पश्चिमले ज्ञापनपत्र बुझाएको छ। मोर्चाको टोलीले आइतबार रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तलाई ज्ञापनपत्र बुझाएको हो। ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी पन्तले उक्त पुलको निर्माण काम छिटोभन्दा छिटो थाल्न आफ्नो तहबाट पनि बेला-बेला पहलकदमी लिइरहेको बताउँदै अझै थप पहल गर्ने प्रतिक्रिया दिए।

मुसिकोट नगरपालिका वडा नं. ११ र १२ मा पर्ने पितिवाङ खोलाको पुल पहिलो पटक ठेक्का सम्झौता भएको ४ वर्षसम्म पनि प्रगति हुन सकेको छैन। राप्ती लोकमार्गमा पर्ने यस सडकखण्डको पुल सडक सञ्चालन भएको १७ वर्षसम्म पनि नबन्दा वर्षातको समयमा यात्रुहरुले आजातजावतमा समस्या भोग्दै आएका छन्। संरक्षण निर्माण सेवा प्रा.लि. र सडक डिभिजन कार्यालय चौरजहारीबीच २०७६ असारमा ४ करोड १२ लाख बढी रकममा निर्माण सम्झौता भएपनि हालसम्म पनि निर्माण कार्य अलपत्र अवस्थामा छ।

मोर्चाको जनसंघर्षका कार्यक्रम अन्तर्गत ज्ञापनपत्र बुझाइएको र आगामी चैत ७ गतेभित्र निर्माणको कार्य सुचारु नगरे थप संघर्षका कार्यक्रमहरु घोषणा गरिने समाजवादी मोर्चा रुकुम पश्चिमका संयोजक गोविन्द रोकाले जानकारी दिए।

## प्रचण्डमा...

दाहाल राष्ट्रिय सभाको उम्मेदवार तय भएका हुन्। प्रचण्डको परिवार मोह देखाउने वा देखिने पात्रहरु छन्। स्वकीय सचिव रहेकी प्रचण्डकी कान्छी छोरी गंगा दाहाललाई कतिपयले प्रश्न गर्ने गर्दछन्। यसअघि प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा त्यहाँका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र चीन भ्रमणका क्रममा राष्ट्रपति सी जिन्पिङसँगको प्रतिनिधिमण्डल स्तरीय वार्तामा गंगा दाहाल प्राथमिकताका साथ देखिएपछि कतिपयले आलोचना गरेका थिए।

प्रधानमन्त्रीका माइली छोरी रेणु दाहाल हाल दोस्रो कार्यकाल चितवन महानगरपालिकाकी मेयर छिन्। प्रचण्डको परिवार मोहमा उनलाई समेत कतिपयले जोड्ने गरेका छन्।

अर्का उदाहरण हुन- जीवन आचार्य। गंगा दाहालका पति कोशी प्रदेशमा दुई पटक मन्त्री बने। कोशी प्रदेशमा पर्यटन, वन तथा वातावरण र आर्थिक मामिला तथा योजना मन्त्रीमा पटक-पटक दोहोरिनुमा प्रचण्डको ज्वाइँ हुनु रहेको भनी आलोचना हुने गर्दछ।

यसअघि प्रचण्डले आफ्नी बुहारी बिना मगरलाई मन्त्री बनाएका थिए। भाइ नारायण दाहाललाई राष्ट्रियसभा सदस्य बनाएको भनी आलोचना २०७८ सालमै भएको थियो। सबै प्रकारका आलोचना वास्ता नगरी नारायण दाहाललाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने निर्णय भएसँगै प्रचण्डको परिवार मोह ज्यादा भएको भनी पार्टीभित्र असन्तुष्टि बढेको छ।

तर, कतिपय नेताहरु नारायण दाहालको राजनीतिमा योगदान समेत रहेको बताउँछन्। कतिपय नेताहरुका अनुसार प्रधानमन्त्री प्रचण्डले आफ्नो विश्वास पात्र राष्ट्रिय सभाको नेतृत्वमा खोजेका कारण यस्तो निर्णय भएको हो।

६ सदस्यीय संवैधानिक परिषदको सदस्य समेत हुने भएकाले राष्ट्रिय सभाको अध्यक्षमा प्रचण्डले आफू अनुकुल पात्र खोज्दा अन्यले अवसर नपाउने भएका हुन्।

नारायणप्रसाद दाहाल २०७३ सालमा प्रधानमन्त्री प्रचण्ड दोस्रो पटक प्रधानमन्त्री हुँदा प्रशासनिक सल्लाहाकार थिए। नारायण दाहालका छोरा समिर दाहाल २०६६ देखि २०६९ सम्म प्रचण्डको स्वकीय सचिव थिए।

संघीय संसद सचिवालयको विवरण अनुसार चितवनका स्थायी बासिन्दा दाहाल २०२७ सालदेखि राजनीतिमा छन्।

२०५७ सालदेखि माओवादी केन्द्रीय सदस्य भएका उनी माओवादी शान्ति प्रक्रियामा आएपछि २०६३ मा अन्तरिम व्यवस्थापिका संसदमा सदस्य थिए। २०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा दाहाल चितवन निर्वाचन क्षेत्र नम्बर ३ बाट संविधान सभा सदस्यमा निर्वाचित भएका थिए। २०७० सालको चुनावमा सोही क्षेत्रबाट पारजित भएका उनी त्यसयता संघीय संसदमा आउन सकिरहेका थिएन्।

गत वर्ष राष्ट्रपतिबाट मनोनित भएर राष्ट्रिय सभामा छिरेका दाहाल सभाको नेतृत्व गर्ने तहमा पुगेका हुन्।

## प्रहरी...

स्थायी वासोबास र नागरिकतामा उल्लेखित ठेगाना लगायत के-के कुरालाई आधार बनाएर समायोजन गर्ने भन्ने मापदण्ड समितिले तयार गर्नेछ।

समितिले मापदण्ड टुंग्याएपछि त्यही अनुसार नेपाल प्रहरीको सफ्टवेयर परिमार्जन गर्ने योजना छ। यसका लागि नेपाल प्रहरीको सूचना तथा प्रविधि निर्देशनालयले सफ्टवेयर बनाइसकेको छ। आवश्यकता अनुसार त्यसलाई परिमार्जन गरेर तयार गरिने बताइन्छ।

नेपाल प्रहरीलाई प्रदेशमा समायोजन गर्न २०७६ सालमै प्रहरी कर्मचारी समायोजन ऐन बनेको थियो। तर, प्रहरी समायोजन नभएपछि प्रदेशले केन्द्र सरकारमाथि दबाब बढाएको छ। समायोजन नथाले आन्दोलन गर्ने प्रदेशको चेतावनी छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले छिट्टै प्रहरी समायोजन सुरु गर्ने आश्वासन दिने गरेका छन्।

गृह मन्त्रालयका अनुसार, कोशी प्रदेशमा १० हजार ७ सय १७, मधेशमा ९ हजार १ सय ५२, बागमतीमा ७ हजार ३ सय ४, गण्डकीमा ६ हजार ७ सय ४५, लुम्बिनीमा ९ हजार ४ सय ४३, कर्णालीमा ५ हजार ४ सय ५८ र सुदूरपश्चिममा ५ हजार ९ सय १ प्रहरी रहनेछन्।

प्रचलित कानुनअनुसार समायोजनमा जाने प्रहरीको २ तह ग्रेड वृद्धि हुनेछ। साथै प्रदेश प्रहरी प्रमुखका रुपमा रहने डीआईजीलाई केन्द्रले खटाउने हुँदा समायोजनमा जानेहरु एसएसपीसम्म हुन सक्नेछन्। त्यसमाथि माथि जाने बाटो नभएकाले इस्पेक्टर र डीएसपीहरु समायोजनमा जान अनिच्छुक देखिएको बताइन्छ।

समायोजनमा जाने अधिकृतलाई २ तहको साटो पाँच तह ग्रेड वृद्धि दिनुपर्ने हेडक्वाटरको प्रस्तावमा गृह सहमत छ। साथै प्रहरी प्रमुख बन्नसक्ने बाटो खुला राख्न प्रहरी नायब महानिरीक्षक (डीआईजी) बढुवामा प्रदेशलाई पनि सिट छुट्याइने छ।

तर डीआईजी बढुवा हुन स्टाफ कलेज कोर्स अनिवार्य गरिएको छ। बढीमा तीन पटकमा पास गर्नुपर्ने गरी सिनियर इन्स्पेक्टर र डीएसपीलाई स्टाफ कलेजको कोर्स गराउने प्रस्ताव गरिएको छ। यो राख्दा अधिकृतहरुले म कुन तहसम्म जानसक्छु भन्ने पहिल्यै कल्पना गर्न सक्नेछन्।

## सिलबन्दी दरभाउ उपलब्ध पत्र पेश गर्नेसम्बन्धी सूचना

यस स्मार्ट कार्यक्रमका लागि कृषकको मागअनुसारको १०/६ को फलामको टनेल आवश्यक परेकोले यस सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र इच्छुक व्यापारीबाट गोप्य सिलबन्दी दरभाउ उपलब्ध गराउनुहुन अनुरोध छ। सोको उपलब्ध गराउँदा विभिन साइजहरु खुलाइ न्यूनतम मूल्य खुलाइ पेश गर्नुहुन अनुरोध छ।

**तिखाचिल स्मार्ट कृषि गाँउ कार्यक्रम कार्यान्वयन समिति**
**गौमुखी गा.पा. ३, प्यूठान**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RWAD AL MAHIROON GEN. CONT. EST. शहर: AL KHOBAR
पूर्व स्वीकृत मितिः २०८०/११/२७ चलानी नं.: ६०२१६२८१ LT. No.: 301361

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Oil And Gas Well Lining Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | pipe And Boiler Insulation Labor | 4 | 0 | | 1200 | ४२,२८८ | | | | | | | |

कम्पनी : FADEL TAHER AL SADA BREAD BAKERY शहर: Al Qatif
पूर्व स्वीकृत मितिः २०८०/११/२७ चलानी नं.: ६०२१६२८० LT. No.: 301362

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe And Boiler Insulation Labor | 7 | 0 | स. काममा दक्ष | 1200 | ४२,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ५१३/०६१/०६२
**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४५७५३३९, ४५६८६९७, ४५७६६०३

## मलेशियामा रोजगार

कम्पनी : THROTECH INDUSTRIES SDN. BHD. शहर : JALAN
पूर्व स्वीकृत मितिः २०७९/१२/२२ चलानी नं.: ६०१९९४४४ LT. No.: 283986 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operater | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ईजाजत न.: ४०७/०६०/०६१
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824
Mobile: 9841781155., E-mail: cm.seagull55@gmail.com

# माओवादी केन्द्रको दोस्रो वडा सम्मेलन सम्पन्न




**विन्द्र राई/मध्यान्ह**
उदयपुर, २७ फागुन

नेकपा माओवादी केन्द्र त्रियुगा नगरपालिका अन्तर्गत -४ बगाहा वडा कमिटीको दोस्रो वडा सम्मेलन सम्पन्न भएको छ । नेकपा माओवादी केन्द्र त्रियुगा नगरपालिका ४ बगाहा वडा पार्टी कमिटीको आयोजनामा शनिबार संगठनको दोस्रो वडा सम्मेलन सम्पन्न भएको हो ।

नेकपा माओवादी केन्द्रको प्रदेश सदस्य तथा प्रदेश सभा सदस्य सम्झना तामाङले सम्मेलनको अवसरमा आम नागरिकलाई संगठनको विचारधारा, सिद्धान्तलाई बुझेर अक्षरांश व्यवहारमा लागू गरिएमा मात्र मूर्त रुप लिने बताइन् ।

समाजमा विभिन्न वर्ग समुदाय जातजाती रहेको उल्लेख गर्दै उनले माओवादीले जनयुद्ध नगरेको भए हाम्रो हक अधिकार पहिचान र वाक स्वतन्त्रता प्राप्त गर्न जागरुक गराउन कुनै पनि संगठन अगाडि आउने नसक्ने बताइन् ।

उनले जनयुद्धबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्नका लागि संगठन र संगठनभित्रको समस्यालाई हल गर्दै एकजुट भएर अगाडि बढ्नुपर्ने बताइन् ।

माओवादी पार्टी विभिन्न वर्ग समुदाय जातजाती पिछडिएका वर्ग निमुखा गरिव लगायतलाई समेटेर अगाडि संगठन अर्थात् सबैलाई फुलाउने फूलवारी रहेको उनले बताइन्।

पूर्वसंविद्यानसभा सदस्य तथा नेकपा (माओवादी केन्द्र) को वैकल्पिक केन्द्रीय सदस्य मोहन बहादुर खत्रीले जनताको समस्यामा साथ सहयोग र जिम्मेवारी दिन सक्ने नेता छान्न आग्रह गरे ।

खत्रीले उदयपुरको निर्वाचन २ नम्वर क्षेत्रबाट निर्वाचित भएर पार्टीको तर्फबाट संविधान सभामा प्रवेश गरेसँगै आफूले संविधान निर्माण प्रक्रियामा आफ्नो भूमिका पनि महत्वपूर्ण रहेको उल्लेख गर्दै संगठनको सुदृढीकरण र नेतृत्व र जिम्मेवारी वहन र जनताको हक अधिकार समस्याहरुका हल गर्न बुझ्न सक्ने नेतृत्व छान्न आग्रह गरे ।

निर्वाचन समितिले दोस्रो वडा सम्मेलनबाट २५ सदस्यीय वडा मूल समितिसहित पार्टीको भातृ अन्तर्गत किसान, जेष्ठ नागरिक, योङ्ग कम्युनिष्ट लिग, महिला, दलित समिति गठन गरेको छ । जसमा संगठनको मुल समितिको अध्यक्षमा योगेन्द्र अधिकारी, उपाध्यक्षमा गोविन्द बयलकोटी, ईन्द्र बहादुर सुयल, सचिव कर्ण बहादुर विक, कोषाध्यक्ष लिला परियार, सहसचिव सरला राई, सदस्यहरुमा कर्ण बहादुर परियार,दिल कुमार राई, कविता राई,पूर्ण बहादुर तामाङ,विशेश्वर शाह,तारा उप्रती मगर,चक्र प्रसाद पराजुली, राजन विशुङ्के लगायत रहेका छन् । त्यस्तै १४ जना एमालेबाट माओवादीमा प्रवेश गरेका छन् । जसमा गणेश सुयाल, लक्ष्मण सुयाल, अम्बर सुयाल, दिलिप सुयाल,उमेश राउत, भिम बहादुर तामाङ, राजु उपाध्याय,नवराज राई, टेकराज मगर, रमेश कार्की, कुमार वि.क, जीवन दाहाल, प्रेम दाहाल र यादव बस्नेत रहेका छन् ।

# ब्रह्माकुमारी सेवा केन्द्रद्वारा चन्द्रपुरमा शिवध्वजारोहण सम्पन्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ फागुन

रौतहट चन्द्रपुर नगरपालिका वडा नं. ४ मा रहेको ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले आध्यात्मिक प्रवचन तथा शिवध्वजारोहण कार्यक्रम सम्पन्न गरेको छ ।

हरेक वर्ष महाशिवरात्रिको अवसर पारेर शिवको आराधना तथा शिवमहिमाका बारेमा धार्मिक प्रवचन दिने कार्यक्रम अन्तरर्गत केन्द्रमा शिवध्वजारोहणसहित स्नेह मिलन कार्यक्रम हुने गर्दछ । सोहि अनुसार ८८ औं शिव जयन्ती पर्वको पावन अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र चन्द्रपुरले यो कार्यक्रम गरेको हो । सो कार्यक्रममा प्रतिनिधि सभा सदस्य देव प्रसाद तिमल्सिनाले धर्मको भावले गरिने जुनसुकै कामले पनि पूर्णता पाउने तर्क राख्दै धर्मले मानिसलाई अनुशासन र सतकर्म गर्ने बाटोतर्फ अग्रसर गराउने बताए । यहाँको ब्रह्माकुमारी राजयोगको भवन निर्माणमा आवश्यक सहयोग गरेको उनले उल्लेख गरे ।

८८ औं शिव जयन्ती पर्वको पावन अवसरमा आयोजित महाशिवरात्रि नवयुग आगमनको महापर्वको बारेमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजकी क्षेत्रीय सञ्चालिका राजयोगिनी तपसिबीनी रविना दिदीले प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा महिला अधिकारकर्मी तथा नेतृ देवकी नेपालले ब्रह्माकुमारी राजयोग सेवा केन्द्रबाट सिकेका कुरालाई व्यवहारमा ल्याउन सकेमा जीवनमा परिर्वतन आउन सक्ने धारणा राखेकी थिइन् । हिन्दु महासंघ रौतहटका अध्यक्ष शालिग्राम उपाध्यायले ब्रह्माकुमारी राजयोग सेवा केन्द्र चन्द्रनिगाहपुरले गर्दै आएको कार्यहरुको प्रशंसा गरेका थिए ।

कार्यक्रममा चन्द्रपुर नगरपालिका वडा नं. ६ का वडाअध्यक्ष सहदेब केसी, इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरका शाखा अधिकृत यादब भण्डारी, समाजसेवी अजय साह, विशिष्ट राजयोग प्रशिक्षक ब्रह्माकुमार गुणराज भाइजी, ब्रह्माकुमारी राजयोग चन्द्रनिगाहपुरकी सञ्चालिका ब्रह्माकुमारी मैया दिदी लगायतको उपस्थिति रहेको थियो ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **TILICHO OVERSEAS PVT. LTD.** (**श्रम इजाजत पत्र नं. १२३४/०७४/०७५**) मा पिआरओ पदमा कार्यरत कर्मचारी: संजय कुमार यादव (नागरिकता नं.: ८३९३४७९२), विसभोंरा-९, धनुषा, हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

Gov. Lic No. 1234/074/075
**TILICHO OVERSEASE PVT. LTD.**
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014
Email : tilichooverseas@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०५/०६ मा दर्ता भएको **प्रा.लि.नं. ४७६९०/०६४/०६५** को **काभ्रे फुडस प्रा.लि.** को मिति २०८०/११/२२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **GREEN LAND HUMAN RESOURCE PVT. LTD.** (**श्रम इजाजत पत्र नं. १६२७/०७९/०८०**) मा मेनेजर पदमा कार्यरत कर्मचारी : सुरेश राई (नागरिकता नं.: २२७८/३८), इटहरी-१, सुनसरी, हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**GREEN LAND HUMAN RESOURCE PVT. LTD.**
Buddhanagar- 10, Kathmandu, Nepal | greenlandhr23@gmail.com
+977 01- 5914267, 9765568235/9851105989/ 9804380743

## सुदूरपश्चिम प्रदेश सरकार
### उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय
### प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई
धनगढी, कैलाली

**प्रस्ताब माग सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८०/११/२८**

यस इकाईको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतका निम्न कार्यक्रमहरु संचालन गर्न योग्यता पुगेका ईच्छुक व्यक्ति वा संस्थाल यो सूचना पत्रिकामा प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यक्रम संचालन सम्बन्धि प्रस्ताव यस इकाईमा पेश गर्नु हुन अनुरोध छ ।

| क्र.सं | कार्यक्रमको विवरण | स्विकृत बजेट रु. | कैफियत |
|---|---|---|---|
| १. | बुढीतोलामा रिङ्ने Down Hill Side Cycling | १० लाख | |
| २. | डडेल्धुरा देखि खप्तड त्रिबेणीधाम क्षेत्रसम्म अन्तराष्ट्रिय स्तरको साईकल यात्रा | १० लाख | |

थप जानकारीको लागि कार्यालयमा वा मो.नं. ९८५८४२४१०७ सम्पर्क गर्नु हुनका साथै यस इकाईको वेबसाईट:paryatanunit.sudurpashchim.gov.np मा विस्तृत सूचना उपलब्ध रहेको छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **H.R. INTERNATIONAL EMPLOYMENT SERVICES PVT. LTD.** (**श्रम इजाजत पत्र नं. २४७/०५८/०५९**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | कर्मचारीहरुको पद | नागरिकता नम्बर |
|---|---|---|---|
| 1 | Samikshya Chamling Rai | Receptionist | 12-01-75-01514 |
| 2 | Bina Lamichhane | Documentation | 25-01-72-07645 |
| 3 | Shree Ram Aryal | Documentation | 39-01-70-02575 |
| 4 | Sabir Pradhan | PRO | 04-01-068-01443 |
| 5 | Ghanshyam Pathak | PRO | 04-05294 |
| 6 | Lalit Kumar Rai | Documentation | 14054 |
| 7 | Aasma Pokharel | PRO | 04-01-69-04559 |
| 8 | Nagendra Oli | Marketing Manager | 1284756 |
| 9 | Sudhir Kumar Khati | PRO | 16843 |

Gov. Lic No. 247/058/059
**H.R. International Employment Services Pvt. Ltd.**
(SCM MANPOWER COMPANY PVT. LTD.)
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

## MALAYSIA मा रोजगार

कम्पनी: TOAST DELIGHT SDN.BHD.
शहर : JOHOR

पूर्व स्वीकृत मितिः २०८०/०४/०३ | चलानी नं.: ६०२०४८५१ | LT. No.: 289532 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1394/074/075
**K.S.B. International Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net

## मलेसियामा रोजगार

कम्पनी: ENDAI (M) SDN. BHD
शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/०७/२४ | चलानी नं.: ६०१९०५७२ | LT. No.: 275099 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 247/058/059
**H.R. International Employment Services Pvt. Ltd.**
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

## Saudi मा रोजगार

**1. Neo Vibrant Support Services Co. Ltd.**

पूर्व स्वीकृती मितिः २०८०/११/२७ | चलानी नं.: ६०२१६२०९ | LT No.: 301279

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 20 | साधारण | 1000 | ३४,८४३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**2. Intercon Co. Ltd.**

पूर्व स्वीकृती मितिः २०८०/११/१६ | चलानी नं.: ६०२१५७३४ | LT No.: 300794

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 13 | काममा दक्ष | 1000 | ३४,८४३।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Bus Driver | 01 | | 1800 | ६२,७१८।- | | | | | | | |

Multi Welder, Pipe Fabricator, Industrial Electrician, Scaffolder, Spray Painter, Scaffolding Supervisor, Rigger Level-III, Carpenter (Gypsum/Furniture), Gypsum Carpentry Supervisor र Sand Blaster
कामको अनुभव भएकारुले पनि निःशुल्क परामर्शको लागी सम्पर्क गर्न सक्नुहुनेछ ।

**3. Osama Abdullah Hamad Al-Muhaimid Restaurant for Serving Meals**

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०८०/०४/२९ | चलानी नं.: ६०२०६२६१ | LT No.: 290873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 01 | साधारण | 1200 | ४१,८१२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००|- कामदार आफैले | रु. ७००|- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८० चैत ५ गते (18 March., 2024) यस प्रा. लि. को कार्यालय पुल्चोक, ललितपुरमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुढनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम ईजाजत नं.: 838/060/061
पुल्चोक, ललितपुर, फोन.: ०१-५५५३३३०, ५५५३३३२, Email : documentunitedmanpower434@gmail.com

## ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, No service and processing fees, No Cash Deposits, No salary Deduction, No Mediator, Free Food and Lodging before departure, Free Transportation after Selection from place of residency to airport and Return Transportation along with Accommodation (if required) after completion of Contract or Early Termination with adequate notice. All the fees as per the RBA Definitions of fees will be borne by the employer. (Refer to RBA Definition of Fees).

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, कुनै नगद जम्मा गर्नु नपर्ने, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित, निःशुल्क खाना र बसोबास प्रस्थान गर्नु अघि, बस्ने ठाउँबाट एयरपोर्टसम्म छनोट गरेपछि निःशुल्क यातायात र आवाससहित फिर्ता यातायात (आवश्यक भएमा) सम्झौता पूरा भएपछि वा पर्याप्त सूचनाको साथ प्रारम्भिक समाप्ति । शुल्कको RBA परिभाषा अनुसार सबै शुल्कहरू रोजगारदाताले वहन गर्नेछन् । (शुल्कको RBA परिभाषा हेर्नुहोस)

रोजगारदाता कम्पनी : स्मार्टरेक टेक्नोलोजी मलेसिया एसडिएन. बिएचडी.
Employer Company : SMARTRAC TECHNOLOGY MALAYSIA SDN BHD
ठेगाना : केदा, मलेसिया Address: Kedah, Malaysia

| पूर्व स्वीकृत मितिः २०७९/०८/०६ | चलानी नंः ६०१९१७२७ | एल टि नं : २७५९२६ | पूनविज्ञापन |
|---|---|---|---|
| Pre Approval Date: 2022/11/22 | Invoice No.: 60191727 | LT No. : 275926 | Re Advertisment |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्युनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accommodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | २ 2 | ० 0 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English | १५०० 1500 | ४२,३१५ 42,315 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ५ दिन 5 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

Section: A (Employment Terms and Conditions) खण्डः क (रोजगार नियम र सर्तहरू)

1. Nature of Job: Factory Worker in Manufacturing Sector / कामको प्रकृतिः उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime isn't mandatory but voluntary and is calculated as stated below: ओभरटाइम अनिवार्य होइन तर स्वैच्छिक हो र निम्न अनुसार गणना गरिन्छः
   - i. Normal Days: Salary X 1.5 / सामान्य दिनहरूः तलब X १.५
   - ii. Rest days: Salary X 2.0 / विश्राम दिनहरूः तलब X २.०
   - iii. Public Holiday: Salary x 3.0 / सार्वजनिक बिदाः तलब X ३.०
3. Rest Day: One day in a week in accordance to Labor Law of Malaysia
   विश्राम दिनः मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन
4. Public Holiday: 11 Days in a week in accordance to Labor Law of Malaysia
   सार्वजनिक बिदाः मलेसियाको श्रम कानून अनुसार हप्तामा ११ दिन
5. Leave: विदा :
   - i. **Annual Leave: 10 Days for the first 2 years of Service** / वार्षिक बिदाः सेवाको पहिलो २ वर्षको लागि १० दिन
   - ii. Sick leave: 14 Days for each years of service less than 2 years / बिरामी बिदाः सेवाको पहिलो २ वर्षको लागि १४ दिन
6. Medical and Accidental Insurance: Workers are insured under the Current Foreign Workers **Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Hospitalization** and Surgical Insurance Scheme (SPIKPA).
   चिकित्सा र दुर्घटना बीमाः वर्तमान विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCMS) र यदि लागू भएमा, विदेशी कामदार अस्पताल भर्ती र शल्य चिकित्सा बीमा योजना (SPIKPA) अन्तर्गत कामदारहरूको बीमा गरिन्छ ।
7. Right to Freedom of Association and Collective Bargaining संघको स्वतन्त्रता र सामूहिक सम्झौताको अधिकार
8. Right to Safe Keep Personal Documents. / व्यक्तिगत कागजातहरू सुरक्षित राख्ने अधिकार ।

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it | सामाजिक सुरक्षा कोष Social Security Fund |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रु. २३०८/ Nrs. 2308 / |

Section: B Additional things to Note / खण्डः ख ध्यान दिनुपर्ने थप कुराहरू

1. **This is a Zero Cost Recruitment process. Applicants are requested to apply directly without third-party agents. Applicants nor their family members are required to pay any fees, including items of monetary value (i.e: jewelry, livestock, phone, land).**
   यो शून्य लागत भर्ती प्रक्रिया हो। आवेदकहरूलाई तेस्रो-पक्ष एजेन्टहरू बिना सिधै आवेदन दिन अनुरोध गरिन्छ। आवेदकहरू वा तिनीहरूका परिवारका सदस्यहरूले मौद्रिक मूल्यका वस्तुहरू (जस्तैः गहना, पशुधन, फोन, जग्गा) सहित कुनै पनि शुल्क तिर्न आवश्यक छैन ।
2. **Only pre-selected applicants who attended the Pre-Screening will be considered for the Final Interview.** प्रि-स्क्रिनिङमा उपस्थित भएका पूर्व-चयनित आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।
3. **Recruitment is conducted in accordance with the Freely Chosen Employment Policy, ensuring no bias or discrimination.** भर्ती कुनै पूर्वाग्रह वा भेदभाव नभएको सुनिश्चित गर्दै स्वतन्त्र रूपमा रोजिएको रोजगार नीति अनुसार सञ्चालन गरिन्छ।
4. **For age verification, applicants must bring two government-issued identity documents (e.g., Passport (if any), Citizenship Card, National Identity Card, Driving License so on).**
   उमेर प्रमाणिकरणको लागि, आवेदकहरूले दुईवटा सरकारले जारी गरेको परिचय पत्र (जस्तै, राहदानी (यदि कुनै), नागरिकता कार्ड, राष्ट्रिय परिचयपत्र, ड्राइभिङ लाइसेन्स यस्तै) ल्याउनु पर्छ।
5. **Savings, bonds, and deposit programs through the employer or agents are not allowed during recruitment or employment.** भर्ती वा रोजगारीको समयमा रोजगारदाता वा एजेन्टहरू मार्फत बचत, धितोपत्र, र निक्षेप कार्यक्रमहरू अनुमति छैन ।
6. **Paliv International Pvt Ltd doesn't have any branches, mediators or representative. Paliv International Pvt Ltd is a Zero Cost Recruitment agency, so no payments are to be made for application.** यसको कुनै शाखा, मध्यस्थकर्ता वा प्रतिनिधि छैन । पालिभ इन्टरनेशनल प्रा.लि. एक शून्य लागत भर्ती एजेन्सी हो, त्यसैले आवेदनको लागि कुनै रकम भुक्तानी गर्नु पर्दैन ।

**Pre-Interview पूर्व अन्तर्वार्ता**

Pre-Interview is going on 15h **March 2024 (Friday) at Paliv International Pvt.Ltd Office,** Kathmandu Mertopolitancity-04 Aruna Lama Marga.
प्रि-अर्न्तवार्ता २०८० चैत २ गते (शुक्रबार) पालिभ इन्टरनेशनल प्रा.लि.को कार्यलय, काठमाण्डौं महानगरपालिका -०४ अरुणा लामा मार्गमा हुनेछ ।
Only the Pre-Selected Candidates will be eligible for Final Interview.
पूर्व-चयनित उम्मेदवारहरू मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।

**Final Interview अन्तिम अन्तर्वार्ता**

**Final Interview will be Conducted on 18th March 2024, (Monday) at Paliv International Pvt. Ltd Office, Kathmandu Mertopolitancity-04 Aruna Lama Marga.**
फाइनल-अर्न्तवार्ता २०८० चैत ५ गते (सोमबार) पालिभ इन्टरनेशनल प्रा.लि.को कार्यलय, काठमाण्डौं महानगरपालिका -०४ अरुणा लामा मार्गमा हुनेछ ।

**Grievance Reporting गुनासो रिपोर्टिङ**

Feel free to report any type of Ethical Misconduct observed or noticed. It could be reported anonymously.
कुनै पनि प्रकारको नैतिक दुर्व्यवहार अवलोकन वा ध्यान दिएर रिपोर्ट गर्न स्वतन्त्र महसुस गर्नुहोस्। यो गुमनाम रूपमा रिपोर्ट गर्न सकिन्छ।
Report to Paliv: Direct Call/SMS at: +977 9820112700 or Email at palivgrievance@gmail.com
Report to Smartrac Technology: Direct Call/SMS at: +6044019100
Paliv लाई रिपोर्ट गर्नः प्रत्यक्ष कल/एसएमएसमाः +977 9820112700 वा palivgrievance@gmail.com मा इमेल गर्नुहोस् । Smartrac Technology लाई रिपोर्ट गर्नः प्रत्यक्ष कल/एसएमएसमा :+६०४४०१९१००

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal

श्रम इजाजत नं ११६४/०७३/०७४
**PALIV INTERNATIONAL PVT. LTD**
**पालिभ इन्टरनेशनल प्रा. लि.**
Aruna Lama Marga, Maharajgunj, Kathamandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9851070598, 9820112703, 9820112706, 9820112708, 9820112709, 9820112713, 9820112700
| www.palivinternational.com

मध्यान्ह
www.madhyanhadaily.com
२८ फागुन २०८०, सोमबार
11 March 2024, Monday

## सम्पादकीय

### राजतन्त्रकै झल्को

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता गठबन्धन बदल्नु अगाडि वर्तमान व्यवस्थाविरोधी गतिविधि बढेको भन्दै लगातार प्रमुख दलहरूबीच छलफल चलाएका थिए । भलै त्यो छलफलको उद्देश्य सत्ता सहयात्री नेपाली कांग्रेसलाई झुक्याएर नेकपा एमालेसँग सहकार्यको बातावरण बनाउनु रहेछ । यद्यपि कांग्रेस, एमाले सहित दलहरूलाई एकैठाउँ राखेर प्रधानमन्त्री प्रचण्डले वर्तमान व्यवस्थाप्रति चिन्ता गरेका थिए । सोही चिन्ता अनुसार प्रधानमन्त्रीले संविधानको प्रतिबन्धात्मक व्यवस्था प्रयोग गर्दै निषेधात्मक क्षेत्र घोषणा गर्ने, सामाजिक सञ्जालमा कडाइ गर्ने र भीड नियन्त्रणमा कडा कार्बाही गर्ने नीति लिएका थिए । प्रधानमन्त्रीले लिएको त्यस्तो नीति अन्तर्गत अझैपनि राजधानी उपत्यकामा निषेधित क्षेत्र कायमै छ । केही दिन अगाडि सिंहदरबार, संसद् भवन, राष्ट्रपति र प्रधानमन्त्रीको निवास परिसरमा डोरी टाँगेरै निषेधित क्षेत्रमा हिड्न कडाइ गरिएको थियो ।

भीड नियन्त्रणमा गरिएको कडाइमा सर्लाही, बारा र ललितपुरमा प्रहरीको गोली लागेर चार युवाको ज्यान नै गएको थियो । टिकटकमाथि लगाइएको प्रतिबन्ध अझै खुलेको छैन । यी सबै निर्णय गरिनुमा व्यवस्था विरोधी आवाज कमजोर बनाउने सरकारको उद्देश्य नै कारण थियो । व्यवस्थामाथि प्रश्न उठाउने राप्रपालाई सरकारमै सहभागी नगराएर सत्तारूढ गठबन्धन र प्रधानमन्त्री प्रचण्डले राजनीतिक सन्देश दिन खोजेका थिए । तर तिनै सत्तारूढ र प्रधानमन्त्री प्रचण्डको निर्णयहरू हेर्दा भने वर्तमान व्यवस्थाको भावनामाथि नै प्रहार भइरहेको छ । आइतबार मात्रै राष्ट्रियसभा अध्यक्षको उम्मेद्वार नारायणप्रसाद दाहाललाई बनाउने नेकपा माओवादी केन्द्रले निर्णय गरेको छ । प्रधानमन्त्री प्रचण्ड नेतृत्वको उक्त दललाई एमाले, जनता समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादीको समर्थन छ । त्यसैले दाहालले जित्ने लगभग निश्चित छ ।

जबकी पार्टीभित्र अध्यक्ष प्रचण्डले आफ्नो नातेदार च्यापेको आरोप पहिल्यैबाट खेप्दै आएका छन् । फेरि भाइ नाता पर्ने नारायण दाहाललाई राष्ट्रियसभा अध्यक्षको उम्मेद्वार बनाउने निर्णय प्रचण्डले गराए । नारायण दाहाल मनोनीत राष्ट्रियसभा सदस्य हुन् । प्रचण्डले तिनै नारायण दाहाललाई पार्टीभित्र पनि मुख्य जिम्मेवारी दिएर परिवारवाद देखाएको आरोप माओवादी केन्द्रकै बैठकमा उठेको थियो । तर त्यस्तो आरोपको कुनै वास्ता नगरी निर्णय गरे । यस्तो अप्रिय र जनताको भावना बिपरीत शक्तिमा रहने निर्णय लिइनु वर्तमान व्यवस्थाको परिकल्पना होइन । यस्ता अरू थुप्रै निर्णयहरू छन्, विशेषगरी भागबण्डामा चलिरहेको निर्णय लोकतान्त्रिक मूल्य र मान्यता बिपरीत हुन् । त्यसैले वर्तमान व्यवस्थाको खतरा सडकमा उठ्ने आवाज नभएर सत्ताको नेतृत्वमा रहनेहरूको निर्णय हुन् ।

# सामुदायिक विद्यालयको खस्कदो अवस्था

अग्रलेख



● राजेश झा

बालबालिकाको शिक्षाको सन्दर्भमा एउटा चर्चित भनाई छ- तपाई एक वर्षको समृद्धि चाहनुहुन्छ भने धान रोप्नुस्, दश वर्षको समृद्धि चाहनुहुन्छ भने रुख रोप्नुस् र सय वर्षको समृद्धि चाहनुहुन्छ भने बालबालिकामा लगानी गर्नुस् । यस भनाइले बालबालिकाको भविष्यलाई सुनिश्चित गर्न एउटा मार्गदर्शन दिन्छ । एउटा असल नागरिक उत्पादन गर्नका लागि सबैभन्दा उत्तम समय नै बाल्यवस्था हो र यसै अवस्थामा हामीले बालबालिकामा लगानी गर्नु उपयुक्त समय पनि हो ।

बालबालिका काँचो माटो हुन्, यसलाई जस्तो आकार र रूप दिन चाहन्छौँ त्यस्तै हुन्छ । बालबालिकालाई असल र सक्षम नागरिक बनाउन उनीहरूमा लगानी गर्नु आवश्यक हुन्छ । बाल्यावस्थामा लगानी भनेको धेरै क्षेत्रमा हुन्छ, शिक्षा, स्वास्थ्य, पोषणलगायत । बालबालिकाले पाउने शिक्षामा हामीले गर्ने लगानीले नै उनीहरूको भविष्य निर्धारण गर्दछ । शिक्षाको गुणस्तर र सिकाइ उपलब्धीले बालबालिकाले अध्ययन गर्ने उच्च शिक्षामा प्रभाव पार्दछ । सिकाइ उपलब्धि हासिल गर्न बालबालिका र शिक्षकको लगनमा भर पर्दछ । शिक्षकले विद्यालय र विद्यार्थीप्रति अपनत्व महसुस गरेनन् भने पनि शिक्षण सिकाइ प्रभावकारी हुँदैन ।

योग्य शिक्षकको काम कक्षामा सिकाइ, लेखाई मात्र गराउने होइन, उसको बोली, व्यवहार र आचरणले अप्रत्यक्षरूपमा विद्यार्थीलाई निकै प्रभाव पारेको हुन्छ । शिक्षकलाई विद्यार्थीले आफ्नो आदर्श (रोल मोडेल) मान्ने गरेको पाइन्छ । तसर्थ, शिक्षकले आफ्नो आचरण सुधार्न पनि उत्तिकै ध्यान दिनुपर्छ । शिक्षकले विद्यार्थीको मनोविज्ञान बुझेर, उनीहरूको चाहनाअनुरूप कक्षा कोठामा आफूलाई प्रस्तुत गर्न सक्नुपर्छ । विद्यार्थीलाई सिकाइ प्रति प्रेरित गराउन सके मात्र सिकाइ उपलब्धि हासिल हुन सक्छ । तर पछिल्लो एक दशकदेखि सामुदायिक विद्यालयको शिक्षाको स्तर निरन्तर खस्कँदै गएको देखिन्छ । शिक्षाको गुणस्तर कायम गर्न धेरै थरिका प्रयासहरू पनि नभएका होइनन् । नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३१ मा प्रत्येक नागरिकलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा पहुँच हुने तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ । अपाङ्गता, आर्थिकरूपले विपन्न, दृष्टिविहीन, स्वर बोलाई र सुनाईमा समस्या भएका विद्यार्थीलाई ब्रेललिपि, सांकेतिक भाषाका माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी व्यवस्था पनि संविधानमा गरिएको छ । आफ्नो मातृभाषामा शिक्षा पाउने हकसमेत सुनिश्चित गरिएको छ । शिक्षामा सुधारका लागि स्थानीय तहलाई अधिकार दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) मा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा आदि सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहको अर्थात् गाउँपालिका/नगरपालिकाको हुने भनेर व्यवस्था गरिएको छ । थप सामुदायिक, संस्थागत गुठी र सरकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन, निःशुल्क शिक्षा, छात्रवृत्ति व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन, मातृभाषाको शिक्षा प्रवर्द्धन जस्ता व्यवस्थासमेत गरिएको छ ।

सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन तथा रेखदेखको सम्पूर्ण जिम्मेवारी स्थानीय तहमा आएको सात वर्ष बित्दैछ । माध्यमिक तहसम्मको शिक्षाको विकास तथा प्रवर्द्धनको जिम्मेवारी स्थानीय तहलाई दिइएपनि सामुदायिक विद्यालयको शिक्षाको स्तरमा खासै परिवर्तन भएको देखिँदैन । झन् झन् खस्कँदै गएको छ र यसमा विभिन्न पक्षको भूमिका रहेको देखिन्छ । सामुदायिक विद्यालयको शिक्षाको समग्र रेखदेख, सञ्चालन तथा व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको छ । व्यवस्थापन समितिको चुनाव एउटा संसदीय चुनाव भन्दा पनि खर्चिलो र भड्किलो हुने गरेको छ । यसको मूल कारण भनेको विद्यालयमा गरिने शिक्षक पदपूर्ति र विभिन्न अनुदान नै हो । जसको भार अन्ततः विद्यालयमाथि नै पर्ने गरेको छ । लामो समयसम्म शिक्षक सेवा आयोगबाट शिक्षकको पदपूर्ति नभएको अवस्थामा विद्यालय व्यवस्थापन समितिले शिक्षक भर्ना गरेको अवस्था छ । विगतमा व्यवस्थापन समितिले राम्रोभन्दा पनि हाम्रोलाई रोजेर भर्ना गरेकै कारण अधिकांश सामुदायिक विद्यालयको शैक्षिक अवस्था जर्जर बनेको हो । अधिकांश व्यवस्थापन समितिले आफूलाई लाभ हुने गरी शिक्षक भर्ना गरेकै कारण योग्य र सक्षम शिक्षकको भर्ना हुन सकेन । यसप्रति अभिभावक वर्गको चासो नै हुँदैन ।

लामो समयदेखि आयोगले शिक्षक भर्ना नगरेको कारण विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी न्यून रहेको छ । हुन त पछिल्लो समय आयोगले पदपूर्ति गर्न शुरु गरेको छ तर, आवश्यक संख्यामा परीक्षार्थी उत्तीर्ण हुन सकिरहेका छैनन् । शिक्षकको अभाव, शिक्षाको हक सुनिश्चित गर्न शिक्षकलाई पर्याप्त तालिम नहुनु, प्राविधिक तथा व्यावहारिक शिक्षाको विस्तार नहुनुजस्ता कुराले गर्दा शिक्षा क्षेत्रमा अपेक्षित सुधार हुन सकेको छैन । दरबन्दी र विद्यार्थी अनुपातमा शिक्षकको कमीले पनि असर पारेको छ । कतिपय पालिकाहरूले कार्यविधि नै बनाएर स्वयम्सेवक शिक्षक भर्ना गरी आंशिकरूपमा भएपनि शिक्षकको अभावलाई तत्कालका लागि समाधान गर्ने प्रयास गरेको छ । जुन अति नै सह्रानीय र प्रशंसनीय कार्य हो ।



> सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू विद्यालयको शैक्षिक प्रशासनलाई दुरुस्त पार्नुभन्दा पनि राजनीतिमा सक्रिय हुनु, कुन शिक्षकले के पढाइरहेका छन् र त्यसको उपलब्धि के छ भनेर मापन नगर्नु, अनुगमन निरीक्षण नगर्नु, विद्यालयको शैक्षिक वातावरणलाई राम्रो पार्नतर्फ स्थानीय तहले ध्यान नदिनुले पनि सामुदायिक विद्यालयको शैक्षिक अवस्था खस्कनुमा भूमिका खेलेको पाइन्छ ।

अहिलेको अवस्थामा शिक्षा क्षेत्रमा पनि प्रविधिको विकास हुँदै गएको छ । प्रविधिको विकासले गर्दा धेरै विद्यार्थी पाठ्यक्रमभन्दा बाहिरका विषयमा जानकारी राख्न थालेका छन् । तर, शिक्षक भने उही पुरानै ढर्रामा घोकन्ते परिपाटीलाई निरन्तरता दिएका छन् । अधिकांश शिक्षक प्रविधिको प्रयोग गरेर पाठ्यक्रमभन्दा बढी जानकारी लिन रुचि राख्दैनन् । जबसम्म शिक्षकले आफ्नो सीप, कला र क्षमतालाई अभिवृद्धि गर्दैनन् तबसम्म बालबालिकाको पढाइ, सिकाइ र अतिरिक्त क्रियाकलाप अब्बल बनाउन सकिँदैन । यसप्रति हाम्रो शिक्षक वर्ग संवेदनशील हुने गरेका छैनन् । शिक्षण सिकाइमा नयाँ-नयाँ प्रविधिले सहयोग पुऱ्याउँछ भन्ने कुरालाई आत्मसात गरेको देखिँदैन । कतिपय शिक्षकले त इन्टरनेट चलाउन पनि जान्दैनन् । विद्यार्थीलाई नयाँ कुरा कसरी सिकाउने भन्नेतर्फ ध्यान दिन शिक्षकले आफ्नो क्षमता बढाउन प्रविधिमैत्री हुनु जरुरी छ ।

शिक्षाको मुख्य आधार भनेकै प्राथमिक तह हो । तर, अधिकांश सामुदायिक विद्यालयहरूमा माथिल्ला कक्षाहरूलाई बढी प्राथमिकता दिने गरिन्छ । तल्ला कक्षाहरूमा भने ध्यान दिएको पाइँदैन । प्राथमिक तहका बालबालिकाको पहुँच र सहभागिता नबढाई शिक्षाको गुणस्तर सुधार्न सकिन्न । अर्कातिर विद्यालयको आन्तरिक दक्षताको कमीका कारण पनि सिकाइ स्तर कमजोर भइरहेको छ । विद्यालय व्यवस्थापन र नेतृत्व कमजोर हुनु, विषयगत दक्ष शिक्षकको कमी हुनु, गरिब र विपन्न परिवारका लागि प्रोत्साहन सुविधा नहुनु, कक्षा ५ सम्म मात्र दिवा खाजाको प्रबन्ध हुनु, अनिवार्य निःशुल्क शिक्षा ऐनमा उल्लेख गरिए पनि व्यवहारमा लागू नगर्नु जस्ता कारणले सिकाइ प्रभावकारी भएका छैनन् ।

शिक्षकलाई प्रभावकारी र गुणस्तरीय शिक्षणका लागि आवश्यक तालिमको पर्याप्त व्यवस्था छैन । वर्षभरिमा अत्यन्तै थोरै तालिमको आयोजन हुने गरेको छ । जसले गर्दा थोरै संख्यामा शिक्षकले तालिमको अवसर पाउने गरेका छन् । एकातिर शिक्षकलाई तालिमको व्यवस्था छैन भने अर्कोतिर भौतिक पूर्वाधारको समेत अभाव रहेको छ । मधेशका अधिकांश विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव रहेको छ । पूर्वाधार सँगसँगै शिक्षण सामग्री समेतको अभाव रहेको छ । स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्रीको जोहो गर्नेतर्फ पनि शिक्षकको ध्यान जाँदैन । केही दिन अघि आयोजित एक कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले विद्यालयको सम्पूर्ण शैक्षिक गतिविधिको जवाफदेही प्रधानाध्यापक र शिक्षकको हो भन्दै आफ्नो कर्तव्य र दायित्वबाट पन्छिन खोजे । व्यवस्थापन समिति आफ्नो दायित्व र कर्तव्यबाट पन्छिन मिल्दैन । हुन त शिक्षकको अध्यापनप्रतिको लगनशिलताको कमी, लापरबाही र राजनीतिप्रतिको बढ्दो लगावका कारण पनि शिक्षा क्षेत्र धराशायी बन्दै गएको हो । निरन्तर एकै किसिमको शिक्षण शैली, शैक्षिक सामग्रीको प्रयोग नगर्नु जस्ता कारणहरूले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धीमा निष्प्रभावी बनेको हो । सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू विद्यालयको शैक्षिक प्रशासनलाई दुरुस्त पार्नुभन्दा पनि राजनीतिमा सक्रिय हुनु, कुन शिक्षकले के पढाइरहेका छन् र त्यसको उपलब्धि के छ भनेर मापन नगर्नु, अनुगमन निरीक्षण नगर्नु, विद्यालयको शैक्षिक वातावरणलाई राम्रो पार्नतर्फ स्थानीय तहले ध्यान नदिनुले पनि सामुदायिक विद्यालयको शैक्षिक अवस्था खस्कनुमा भूमिका खेलेको पाइन्छ ।

अनुगमन, निरीक्षण तथा नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको छ तर, स्थानीय सरकार त्यसमा पनि चुकेको देखिन्छ । अधिकांश स्थानीय तहमा शिक्षा अधिकृत छैनन् । कतै प्रधानाध्यापकलाई त कतै कुनै शिक्षकलाई शिक्षा शाखा प्रमुखको जिम्मेवारी दिइएको छ । कतै-कतै करारमा कार्यरत कर्मचारीलाई जिम्मेवारी दिइएको छ भने थोरै संख्यामा मात्र शिक्षा अधिकृतहरू कार्यरत रहेकोले पनि शिक्षा क्षेत्रलाई असर पारेको छ । सबै कक्षा र सबै विषयमा कक्षा कार्य र गृहकार्यको मूल्यांकन बापतको अंकको आधारमा मात्रै कक्षा चढाउने नियम बनाउनु पर्ने, शिक्षकलाई अध्ययनशील बनाउन र खाली पिरियडमा स्टाफ रुममा अनावश्यक गफ गर्ने वातावरण कम गर्न इन्टरनेटको व्यवस्था गर्नुपर्ने र विद्यार्थीको प्रगति रिपोर्ट लिन अभिभावकलाई अनिवार्यरूपमा विद्यालय आउनु पर्ने जस्ता व्यवस्था गर्नु आवश्यक छ ।

एक जना अमेरिकी विद्वान मार्वा कोलिन्सले भनेका छन्, "शिक्षकले विद्यार्थीलाई सच्याउनुभन्दा पहिला आफूलाई नै सच्याउनु पर्छ । एउटा असल शिक्षकले एउटा कमजोर विद्यार्थीलाई असल र असल विद्यार्थीलाई उत्तम बनाउन मद्दत गर्छ। जब एउटा विद्यार्थी असफल हुन्छ, शिक्षक सँगसँगै असफल भइरहेको हुन्छ।" एउटा शिक्षक आफू सफल हुनका लागि अध्ययनशील र जिज्ञासु बनाउनु आवश्यक हुन्छ। नयाँ-नयाँ तरिका, सीपको बारेमा जानकारी राख्नुपर्दछ। शैक्षिक सामग्रीहरूको निर्माण तथा प्रयोगले पनि विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्ने भएकोले त्यसतर्फ आफूलाई अग्रसर राख्नु जरुरी हुन्छ ।

शिक्षण विधिमा परिवर्तन गर्न सकेमा वा विद्यार्थी केन्द्रित गर्न सकेमा सिकाइ उपलब्धिमा सुधार गर्न सकिन्छ । यसको निम्ति शिक्षक स्वयम्को जागरुकता पहिलो सर्त हो । त्यसपछि विद्यालय प्रशासनको सहयोग पनि उत्तिकै महत्वपूर्ण हुन्छ । विशेषगरी, शैक्षिक सामग्री जुटाइदिने, उत्साह प्रदान गर्ने र उपयुक्त वातावरण तयार गरिदिने काम विद्यालय प्रशासनले गर्नुपर्दछ । तालिम प्राप्त शिक्षकले कक्षाकोठामा सीपको प्रयोग गर्नुपर्ने, सिकाइ कमजोर भएका विद्यार्थीका लागि थप सिकाइका लागि सुधार योजना बनाउने, विद्यालय विद्यालयबीच प्रतिस्पर्धा गराउने जस्ता गतिविधिहरू सञ्चालन गरिएमा सिकाइ उपलब्धिमा सुधार हुने देखिन्छ र यसका लागि विद्यालय तहबाटै तत्परता लिनु आवश्यक हुन्छ । यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ ।

शिक्षासम्बन्धी हक सुनिश्चित गर्ने दायित्व स्थानीय सरकारको हो । तर, स्थानीय सरकारहरू कि आफ्नो दायित्वबाट पन्छिएका छन्, कि आफ्नो क्षेत्राधिकारभित्र रहेर उचित योजना बनाई काम गर्न सकेका छैनन् । यही कारण शिक्षा क्षेत्रमा हुनुपर्ने विकास नभएको आकलन गर्न सकिन्छ । तसर्थ, स्थानीय तहले शिक्षाको समग्र विकासका लागि ठोस योजना निर्माण गर्नु जरुरी छ । योजना बनाई त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । अनुगमन, निरीक्षण र नियमनलाई प्रभावकारी बनाइनुपर्छ । बालमैत्री शिक्षण सिकाइलाई प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ । विद्यार्थीलाई सच्याउनुभन्दा पहिला शिक्षकले आफूलाई नै सच्याउनेतर्फ अग्रसर भई शिक्षण सिकाइमा लागेमा एउटा कमजोर विद्यार्थीलाई असल र असल विद्यार्थीलाई उत्तम बनाउन सकिन्छ अनि मात्र सय वर्षको लागि समृद्धि आउन सम्भव हुन्छ ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

लोकतान्त्रिक प्रणालीमा राजनीतिक संस्कारसहितको एजेन्डा र परिणामको जगमा उभिएर कुनै पनि नेता जनता माझ 'पपुलर' हुनुपर्दछ, न की 'पपुलिजम्' को रंगीन बेलुनमा तैरिएर ! पुपलिजम्को बेलुन जुनसुकै बेला पनि फुट्न सक्छ । भ्रष्टाचारले थलिएको नेपालको राजनीतिलाई 'पपुलिजम्'ले थप डस्ने जोखिम छ ।



**- पुश्कर कँडेल**

हाम्रो शिक्षाले हामीलाई ठीक दीक्षा दिइरहेको छैन् । त्यसैले त हामी २१ औं शताब्दीमा पनि भ्रमहरूबाट प्रभावित र निर्देशित भइरहेका छौं । प्रगति खोज्न प्रतिगमनको त उन्नति खोज्न दासताको साहारा लिँदैछौं अनि खराबलाई अघि लगाएर समृद्धि खोज्दैछौं । समस्या हाम्रो चेतमा छ न कि राजननीतिक व्यवस्थामा ।



**- बद्रि विनोद खनाल**

दलहरू आफ्नो कमजोरी लुकाउन विदेशको चलखेल बढ्यो भन्छन् गज्जवको फर्मुला रहेछ यो । गठबन्धन टुट्यो त्यसमा आफ्नो कमजोरी स्वीकार्दैनन्, उल्टै विदेशीले टुटाई दिए । उनीहरूको कमजोरीलाई ताली पड्काएर स्वीकार गर्छन् सोझा कार्यकर्ताहरू । हाए नेपालको राजनीति ।



**- विश्वरसिंह मेवाहाङ**

जमना अहिले भाइरलको छ । यो भाइरलको पछि लागेर आम मान्छे त बिग्रेबिग्रे, हाम्रा नेताहरु पनि बिग्रदैछन् । भाइरल हुनकै लागि कोही साइकल चढ्ने, कोही साझा बस चढ्ने, कोही कुचो लगाउने, कोही चप्पल लगाएर हिँड्ने जस्ता नौटंकीमा नेताहरु रमाइरहेका छन् । भाइरल नेता र भाइरल कामले देश बन्दैन है ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | : नयाँ साथी बन्नेछ । पारिवारिक कार्यहरूमा वृद्धि हुनेछ । |
| वृष | : राजनैतिक लाभ प्राप्त हुनेछ । आनन्दमा वृद्धि हुनेछ । |
| मिथुन | : शैक्षिक प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| कर्कट | : विदेश यात्राको योग छ । शत्रु परास्त हुनेछ । |
| सिंह | : यात्राको लागि समय उत्तम छ । वाहन सावधानी जरुरी छ । |
| कन्या | : शत्रु कमजोर हुनेछ । राजनैतिक सहयोग प्राप्त हुनेछ । |
| तुला | : नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ । |
| वृश्चिक | : नयाँ काम बन्नेछ । रोजगार प्राप्तिको योग छ । |
| धनु | : जीवनसाथीको सहयोग प्राप्त हुनेछ । अर्कामाथि भरोसा नगर्नु होला । |
| मकर | : व्यापार/व्यवसायमा फाइदा हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
| कुम्भ | : सन्तानको कार्यमा रुकावट आउनेछ । जिम्मेवारी बढ्नेछ । |
| मीन | : मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेतृत्वको दायित्व

विचार



● निर्मला कोइराला

विधायकको मुख्य जिम्मेवारी र भूमिका कानुन निर्माण भए पनि जनताका आवश्यकता सम्बोधन तथा देशको समृद्धिका विषयमा पनि सोच्ने र ध्यान पुऱ्याउनपर्ने दायित्व हुन्छ । राज्य र जनताका लागि केही गर्छु भन्नेहरूका लागि संसद् महत्वपूर्ण ठाउँ हो । त्यसैले यति महत्वपूर्ण ठाउँलाई जनताको पक्षमा भरपुर सदुपयोग गर्नुपर्छ । तर संविधानप्रदत्त सेवासुविधा जनतालाई सहज र सुलभरूपमा उपलब्ध गराउनुपर्नेमा त्यसमा कमीकमजोरी भइरहेको भन्ने देखिन्छ । कानुन निर्माणलाई हामीले तीव्रता दिन सक्नुपर्छ । सुरुवाती दिनमा राजनीतिक तालमेल, सरकार र समिति गठनमै धेरै समय खर्चनु परेकाले कानुन निर्माणमा आशातित प्रगति हुन सकेन ।

विधायकहरू पार्टीका काम विशेषबाहेक सदन र संसदीय समितिका बैठकमा निरन्तर उपस्थित हुनुपर्छ । तर सांसदको पनि भूगोल, जिल्ला, निर्वाचन क्षेत्र हुने भएकाले कहिलेकाहीँ जिल्ला जानुपर्ने बाध्यताले बैठकमा उपस्थित हुन नसकेको अवस्थालाई अन्यथा ढंगबाट बुझिदिन हुन्न । सबै 'माननीय'लाई एउटै आँखाबाट हेर्न हुन्न । तथापि, जनताले विकास निर्माणका विषयमा संघीय सांसदसँग निकै ठूलो आशा र अपेक्षा राखेका हुन्छन् । देशको परिस्थिति र समाजको स्थितिका आधारमा सांसदहरू विकास निर्माणमा सहभागी हुने वा नहुने भन्ने निर्धारण गर्छ । चुनावका बेला भोट माग्न जाँदा जनतासँग कबुल गरेका विषय सम्बोधन गर्नैपर्छ । जिल्ला जाँदा मतदाताले धारा छैन, कुलो भत्केको छ, विद्यालय भवन चर्केको छ, खानेपानी समस्या भो भन्ने गुनासा आउँछन् । जनताका ती अपेक्षाको सम्बोधनका लागि जनप्रतिनिधिले हरसम्भव प्रयास गरिदिनुपर्छ । राजनीतिक दलहरूले पनि सांसदले विकास निर्माणका काम गर्ने होइन, कानुन निर्माणमा केन्द्रित हुनुपर्छ भनेर जनतालाई बुझाउन सकेका छैनन् ।

मुलुकमा राजनीतिक परिवर्तनका बखत होस् वा सरकार फेरबदलका क्रममा भ्रष्टाचार अन्त्य र सुशासन प्रवर्द्धनको विषयलाई राजनीतिक दलले मुल एजेण्डा बनाएका छन् । हामी पनि यो विषयमा अलमलमा परेका छौँ । किन यस्तो भयो, कसरी भयो भन्ने लाग्छ । प्रमुख कारण भनेको स्थायी सरकार नभएर नै हो । कर्मचारीदेखि राजनीतिक नेतृत्वसम्म भ्रष्टाचार फैलिएको छ भन्ने जनताको बुझाइ छ । सबै विषय जनताले भनेजस्तो नभए पनि कतिपय अवस्थामा यो प्रमाणित भएको छ । भ्रष्टाचार अन्त्यका लागि सबै राजनीतिक दल र सरकार एक ठाउँमा हुनुपर्छ । सामूहिक प्रतिबद्धता पनि गर्नुपर्छ । प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन हुनुपर्छ । त्यो भएमा भ्रष्टाचार न्यूनीकरण हुन्छ भन्नेमा आशा गर्न सकिन्छ ।

भ्रष्टाचार बढाउन हाल अभ्यासमा रहेको निर्वाचन प्रणाली पनि केही हदसम्म दोषी छ । निर्वाचनमा यति पैसा खर्च गर्नुपर्छ भनी कहीँकतै लेखिएको छैन । हामी राजनीतिक दल र उम्मेदवारबाटै चुनावलाई धुमिल्याउने र धेरै खर्च गर्ने काम गरिरहेका छौँ । यसमा सुधार गरिनुपर्छ । हामीले राजनीतिक परिवर्तन गरे पनि समाज परिवर्तन गर्न सकेका छैनौँ । समाजलाई आर्थिकरूपले सम्पन्न गर्न सकिएको छैन । राजनीतिक दल र नेतृत्वप्रति जनताले ठूलो अपेक्षा राखेका थिए । परिवर्तनको उपलब्धिको महसुस जनतालाई दिन सकिएन ।

नेपाली समाजमा पनि आशाभन्दा निराशाको लहर ठूलो छ । नेतृत्वबाट पनि निराशाकै कुरा बढी सुनिन्छ । जनतालाई हाम्रो देश हामी आफैँ बनाउनुपर्छ, बनाउन सकिन्छ भन्ने आशा र ढाडस दिलाउने सन्देश दिनुपर्छ । राजनीतिक परिवर्तन भइसकेकाले अब नेतृत्वको मिसन पनि समाज परिवर्तनका लागि हुनुपर्छ । समाजमा भएका अन्याय, विभेद, धनी र गरिबबीचको खाडल अन्त्यमा केन्द्रित हुनुपर्छ । त्यसका लागि केही समय लाग्न सक्छ, प्रयास जारी राख्नुपर्छ । प्राकृतिक हिसाबले हामी निकै धनी देश हौँ । निराशा छर्ने होइन, आशाको सन्देश प्रवाह गरेर देश बनाउनुपर्छ । त्यसका लागि दल, नेता र जनता एकाकार हुनुपर्छ । हरेक क्षेत्रमा देखिएका निराशा अन्त्य गर्नुपर्छ । मिडियाको प्रयोग पनि सकारात्मक कामका लागि हुनुपर्छ । युवा विद्यार्थीलाई आशा जगाएर विदेश पलायनबाट रोक्नपर्छ ।

**(लेख कुराकानीमा आधारित छ ।)**

# मन्दिर निर्माणका लागि आर्थिक संकलन अभियान



कमल कुमाल/मध्यान्ह
कालीकोट, २७ फागुन

कालीकोटको रास्कोट नगरपालिकाका युवाहरुले मन्दिर निर्माणका लागि आर्थिक संकलन अभियान चलाएका छन्। युवाहरुले मलयागिरी देउरा मन्दिर निर्माणका लागि आर्थिक संकलन गरिरहेका हुन्। रकम जुट्न शुरु भएसँगै मन्दिर निर्माणको काम तीव्र गतिमा भइरहेको छ। ढुंगाबाट मात्रै निर्माण गरेर पहिचान झल्काउने खालको मन्दिर बनाउने युवा शुशील शाहीले बताए। मन्दिरमा घुम्न आउने पर्यटकले हेर्दा फरक खालको पहिचान महसुस गराउने र उनीहरुको मन नै मन्दिरतिर आकर्षण हुने खालको मन्दिर निर्माणका लागि रविन्द्र न्यौपाने, सुशील शाहीलगायतको टिम लागिपरेको छ। मन्दिर निर्माणका लागि ३ लाख ५० हजार रुपैयाँ संकलन गरी रास्कोट देउरा विकास समाजको खातामा जम्मा भइसकेको छ। सबैभन्दा धेरै आर्थिक सहयोग विद्यार्थीहरुबाट भएको र कर्मचारी तथा देश विदेशमा रहेका युवाहरुले आर्थिक सहयोग गरिरहेको शाहीले बताए। रकम संकलन गर्ने काम जारी रहेको बताउँदै उनले साउन-भदौ महिनाभित्र मन्दिर निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको जानकारी दिए।

रास्कोट नगरपालिकाको आर्थिक विकासमा टेवा पुर्‍याउन सक्ने विभिन्न क्षेत्रहरुमध्ये मलयागिरी देउरा मन्दिर पनि एक प्रमुख पर्यटकीय क्षेत्र हो। आफ्नै विशेषता भएको प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुका कारण पर्यटन क्षेत्रले यस नगरपालिकाको आर्थिक विकासमा ठूलो योगदान दिन सक्ने सम्भावना बोकेको छ। मलयागगिरी देउरा मन्दिर, देउरा मालिका मन्दिर,रास्कोटी राजाको दरबारको अवषेश, रानीवन आदि नगरपालिकाका पर्यटकीय सम्भावना बोकेका क्षेत्र हुन्।


## कुवेतमा रोजगार | कम्पनी: UR LADIES BEAUTY SALON CO
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०५/२६ चलानी नं.: ६०१८७४५२ L.T. No.: 271563 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser / Barber | 0 | 3 | सम्बन्धित काममा दक्ष | 175 | ७५,३११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nail Technician | 0 | 2 | | 160 | ६८,८५६ | | | | | | | |
| 3. | Cleaner | 0 | 1 | | 120 | ५१,६४२ | | | | | | | |
| 4. | Driver | 1 | 0 | | 150 | ६४,५५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No. 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01-4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## साउदीमा रोजगार | १. कम्पनी: BAKHASHAB TRANSPORT AND TRADING CO. LTD.
शहर: Saudi Arabia,dammam

पूर्व स्वीकृत मिति: २०७९/१२/०५ चलानी नं.: ६०१९८६१८ L.T. No.: 283306 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: NAS MANPOWER COMPANY शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८०/१०/०२ चलानी नं.: ६०२१३७५९ L.T. No.: 297925

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FAWZIA HAMAD SAEED AL-MAQATI GENERL CONTRACTING ESTABLISHMENT शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति: २०८०/११/०८ चलानी नं.: ६०२१५२२३ L.T. No.: 300314 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं १ र २ नि:शुल्क क.नं ३ रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Gov. Lic No. 190/057/058
Sinamangal-09 Shambu Marga Kathmandu.Tel:+977-4578566, 4578866
Email: nasserplacement2000@gmail.com

## साउदीमा रोजगारको अवसर | कम्पनी: GREEN APPLE COMPANY LIMITED
शहर: Arabia,Dammam

पूर्व स्वीकृत मिति: २०८०/०९/२४ चलानी नं.: ६०२१२८६९ L.T. No.: 297799 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workshop Labour | 1 | 0 | | 1000 | ३५,२४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**कस्मस नेपाल ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत नं: ७३३/०६४/०६५
लाजिम्पाट, गरिमा विकास बैंकको पछाडी, काठमाडौ, फोन नं: ०१-४४४५७९३/४४४५७९४

## कतारमा रोजगार | कम्पनी: Salamat Al Wakra Trading And Contracting
शहर: Doha

पुर्व स्वीकृत मिति: २०८०/११/२७ चलानी नं.: ६०२१६२३६ LT. No. 301328

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant Gen | 1 | 0 | सम्बन्धित काममा दक्ष | 5500 | १९९३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 9 | 0 | | 1800 | ६५२३२ | | | | | | | |
| 3. | Foreman | 2 | 0 | | 2500 | ९०६०० | | | | | | | |
| 4. | Helper | 10 | 0 | | 1000 | ३६२४० | | | | | | | |
| 5. | Labour | 11 | 0 | | 1000 | ३६२४० | | | | | | | |
| 6. | Mason | 7 | 0 | | 1200 | ४३४८८ | | | | | | | |
| 7. | Sales Specialist | 1 | 0 | | 3500 | १२६८४० | | | | | | | |
| 8. | Salesman | 5 | 0 | | 3000 | १०८७२० | | | | | | | |
| 9. | Supervisor | 4 | 0 | | 3000 | १०८७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ५ गते (18 Marrch 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Tara Hall chowk, Sinamangal. Kathmanud, Tel: 01-4492910, Mob: 9823413339, 9808248185, 9849727040.Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np

## साउदीमा रोजगार | कम्पनी: SMART UNION TRADING AND CONTRACTING . CO.
शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०८०/११/२७ चलानी नं.:६०२१६१९६ L.T. No.:301302

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MOHAMMED DEEB SHAFLOT COMPANY FACTORY FOR READYMIX CONCRETE AND CEMENT PRODUCT शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति:२०८०/११/२७ चलानी नं.:६०२१६१९७ L.T. No.:301301

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SALEH ABDULLAH AL RAJHI & PARTNERS COMPANY FOR SPARE PARTS AL RAJHI SPARE PARTS शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति:२०८०/११/२७ चलानी नं.:६०२१६२३० L.T. No.:301357

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ५२,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Destiny H.R.Group Pvt. Ltd.**
Govt.Lic.No.: 1552/079/080
Sinamangal-9, Kathmandu.Tel No:5913085/5914085, 9851164801
Email: admdestinyhr@gmail.com/Website: www.destinyhrgroup.com.np

## मलेसियामा रोजगार | कम्पनी :KWOK BAO MARKETING SDN BHD
City : PERAK

पूर्व स्वीकृत मिति: २०७९/०७/२८ चलानी नं.: ६०१९१२९२ L.T. No.: 275615 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अरोरा ह्युमेन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं. ७३६/०६४/०६५
कुपण्डोल-१०, ललितपुर, फोन: ०१-५२६१०६३, ५२६०८१०, फ्याक्स: ०१-५१६१०५९
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com Mobile: 985-1139971, 9851008157

## मलेसियामा रोजगारको अवसर | कम्पनी: AMIGO STEAK & GRILL (MALACCA) SDN. BHD.
शहर :MELAKA

पूर्व स्वीकृत मिति: २०७९/०९/१३ चलानी नं.: ६०१९४०५१ L.T. No.: 278386 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५१७/०६२/०६३
जि.पि.ओ.बक्स: २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

## मलेशियामा रोजगार | कम्पनी: MAGNA SECURITY SDN. BHD.
शहर: SELANGOR

पूर्व स्वीकृत मिति: २०८०/११/२७ चलानी नं.: ६०२१६१९४ LT. No.: 301285

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 82 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तार्वार्ता मेनपावर कार्यालयमा मिति २०८० चैत ५ गते (18 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Blue Galaxy Overseas Pvt. Ltd.**
Gov. Lic. No. 186/057/058
Sinamangal -09, Kathmandu, Near by Panchakumari Temple, Nepal
Tel: 014583715, 014586915 Fax no: 014585936. Email : info@bluegalaxyovs.com
Mobile No.: 9841337113, Website : www.bluegalaxyovs.com

## साउदीमा रोजगार | कम्पनी: AL YAMAMA DESIGN CONTRACTING EST
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/११/२४ चलानी नं.: ६०२१६२०७ LT. No.: 301287

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BUILDING POINT INNOVATIONS ESTABLISHMENT FOR GENERAL CONTRACTING शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/११/२७ चलानी नं.: ६०२१६२६४ LT. No.:301386

